स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सन् २०१७ देखि २०२३ सम्म निर्मात्री शर्मिला पाण्डेले आक्रामक रुपमा फिल्म निर्माण गरेकी थिइन् । ६ वर्षको अवधिमा उनले ६ वटा फिल्म बनाइन् । तर, २०८० सालमा रिलिज भएको "परस्त्री" व्यावसायिक रुपमा असफलता भएपछि उनले फिल्म निर्माण गरेकी छैनन् । अब २ वर्षपछि उनी नयाँ फिल्म बनाउने तयारीमा जुटेकी छन् । फिल्मलाई शर्मिलाका छोरा सुरज पाण्डेले निर्देशन गर्नेछन् ।

आजको विचार...



रुरुक्षेत्रको.... (दुई पेजमा)

पुष्कर अथक रेग्मी



बैशाख महिना सुरु भएयता नेपाली फिल्मले आशालाग्दो व्यापार गर्न नसकिरहेको अवस्थामा अब यही शुक्रबार अर्थात् बैशाख २६ गतेबाट दुई आशातीत फिल्म "ऊनको स्वीटर" र "जार" एकसाथ प्रदर्शनमा आउने तयारीमा छन् । फरक कथावस्तुमा बनेका यी दुवै फिल्मको मंगलबार साँझबाट देशभरका प्रायः मल्टीप्लेक्स हलहरुमा शो टाइमसहित अग्रिम टिकट बुकिङ सुरु भइसकेको छ । दुई फिल्ममध्ये शो संख्यामा "ऊनको स्वीटर" अगाडि देखिएको छ ।

❒ वर्ष ३० ❒ अंक २८२ ❒ २०८२ वैशाख २५ गते विहीबार 8 May 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### पाकिस्तानमा भारतको आक्रमण



**काठमाडौं, वैशाख २४/** भारतले पाकिस्तानको नियन्त्रित क्षेत्र कश्मीरमा ९ वटा आतंकवादी क्षेत्रलाई निशाना बनाउँदै गरिएको आक्रमणपछि भारत-पाकिस्तान तनाव चुलिएको छ । बुधबार बिहान पौने २ बजेतिर भारतले पाकिस्तानलाई आक्रमण गरेको हो ।

केद्र सरकारले एक विज्ञप्ति जारी गर्दै ९ ठाउँमा एअर स्ट्राइक गरेको जनाएको छ । भारतीय सञ्चारमाध्यमले १०० भन्दा बढी मारिएको दाबी गरेका छन् । यता अन्य अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले कम्तिमा ३५ जना मारिएको बताएका छन् । तर पाकिस्तानले भने दुई बालबालिकासहित ७ जना मारिएको दाबी गरेको छ । अहिलेसम्म कति मानवीय क्षति भयो भन्ने आधिकारिक रुपमा कतै पुष्टि भइसकेको छैन ।

# 'कानुनको परीधि भित्र रहेर शान्ति सुरक्षा कायम गर्न जिम्मेवार ढङ्गले काम गर्छु'

रामचन्द्र रायमाझी

**पाल्पा, वैशाख २४/**जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक पवन कुमार भट्टराईले कानुनको परीधिभित्र रहेर शान्ति सुरक्षा कायम गर्न जिम्मेवार ढङ्गले काम गर्ने बताएका छन् । भर्खरै काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट पाल्पा सरुवा भई आएका एसपी भट्टराईले कानुनसंगत कानुनको परीधिभित्र रहेर विद्यमान संविधान, प्रहरी ऐनले निर्दिष्ट गरेका कुराहरुमा कानुनसंगत ढंगले शान्ति सुरक्षा कायम गर्ने उनले बताएका हुन् ।

उपरीक्षक भट्टराईले भने "प्रहरी भनेको कानुन कार्यान्यवन गर्ने संस्था हो, कसैलाई अन्याय नहुने गरी कानुन कार्यान्वयन गर्छौं त्यसमा कुनै शंका मान्नु पर्दैन ।" उनले समाजलाई सकारात्मक दिशातर्फ लैजान पत्रकार र मिडियाहरुको भूमिका महत्वपूर्ण रहेकाले जिल्लाको शान्ति सुरक्षा कायम गर्न पत्रकारहरुसँग सहकार्य गरी अगाडि बढ्ने उनले बताए । जिल्लाई कसरी सुरक्षित बनाउने ?, कसरी शान्त बनाउने भन्ने कुरालाई कानुनको परीधिमा रही



लगनशीलता भएर काम गर्ने एसपी भट्टराईले प्रतिवद्धता समेत व्यक्त गरे । उनले भने " हाम्रो प्रयास जनता केन्द्रीत, अपराध न्यूनिकरण, सुशसानलाई प्रवर्द्धन र पादर्शीता केन्द्रीत हुने छ ।" उनले मुद्धामा आधारित रहेर रेस्पोन्स गर्ने समेत बताए । उपरीक्षक भट्टराईले भने "मुद्धाले के माग गर्दछ,त्यो मुद्धा के सँग सम्बन्धित छ, सबै भन्दा ठूलो कुरा मुद्धा हो , त्यसलाई रेस्पोन्स गर्ने विधि कानुनले बनाएको छ, समाजले बनाएको छ ,त्यसै अनुरुप काम गर्ने छौं ।"

कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष कमलराज तिमिल्सेनाले जिल्लाको शान्ति सुरक्षा व्यवस्थालाई थप चुस्त बनाउने दिशामा काम गर्न एसपीलाई आग्रह गरे । कार्यक्रममा उपस्थित पत्रकारहरुले प्रहरीले पैसा कमाउने भन्दा नागरिकहरुको सेवा गर्ने गरी काम गर्नुपर्ने, दुर्घटना न्युनिकरणका लागि विशेष अभियान चलाउनु पर्ने, राजमार्ग तथा भित्री सडकमा राखिएका निर्माण सामाग्रीहरु हटाउनु पर्ने, टिपरहरुलाई नियम अनुसार अन्य सवारी साधानले जस्तै बराबर लोड बोक्ने बनाउनु पर्ने, गाउँ-गाउँमा अन्धाधुन्द रुपमा खनिएका सडकहरु अनुगमन गरी सवारी साधन चलाउन मिल्ने वा निमल्ने छुट्टाउनु पर्ने, दिनहुँ बढ्दै गएका चोरीका घटनाहरु नियन्त्रण हुनुपर्ने, विना लाइसेन्स उमेर नपुगी चलाएका सवारी चालकहरुलाई नियन्त्रणमा लिई कारवाही गर्नुपर्ने, प्रहरीले लुकेर भन्दा सबैले देख्ने ठाउँबाट चेकजाँच गर्नुपर्ने, सिमा नाकाका चौकीहरुमा भईरहेका अनियमितताका घटनाहरु रोक्नु पर्ने, असुरक्षित रहेका प्रहरी चौकीहरुलाई व्यवस्थित बनाइनुपर्ने लगायतका सुझाव दिएका थिए ।

# आज विश्व रेडक्रस दिवस मनाइँदै




**पाल्पा, वैशाख २४/**आज विश्व रेडक्रस दिवस नेपालमा पनि विविध कार्यक्रम आयोजना गरेर मनाइँदैछ । सन् १८६३ मा विश्वमा रेडक्रस अभियानको सूत्रपात गर्ने रेडक्रस अभियानका संस्थापक जँ हेनरी ड्युनाको जन्मदिनको अवसर पारेर हरेक वर्ष आजकै दिन रेडक्रस दिवस मनाइन्छ । आधुनिक र प्रविधियुक्त विश्वमा अन्तरदेशीय र देशभित्र हुने युद्ध, हिंसा, विभेदका कारण मानवता कमजोर हुँदै गइरहेको जनाइएको छ । यसैगरी विश्वमा तापक्रम वृद्धि र जलवायु परिवर्तनको प्रभावका कारण विपद्का घटना, खडेरी र अनिकालका कारण मानवताको रक्षा थप चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

रेडक्रस अभियानको एक अभिन्न अंकका रूपमा विसं २०२० भदौ १९ गते स्थापना भएको हो । हाल नेपाल रेडक्रसका सातै प्रदेशमा प्रदेश कार्यालय, ७७ जिल्लामा जिल्ला शाखा कार्यालय, सबै स्थानीय तहमा गरी एक हजार छ सय १५ उपशाखा कार्यालय र छ हजार नौ सय ३४ जुनियर तथा युवा सर्कल छन् । समुदायस्तरसम्म फैलिएका यी साङ्गठनिक निकायमा नौ लाख ३० हजार सदस्य तथा स्वयंसेवक आबद्ध छन् । सङ्गठन र स्वयंसेवकको देशव्यापी सञ्जाल भएको नेपाल रेडक्रसले आइएफआरसीको आर्थिक एवं प्राविधिक सहयोगमा प्रकोप व्यवस्थापन, स्वास्थ्य सेवा, सामुदायिक विकास, खानेपानी तथा स्वच्छता प्रवर्द्धन, रेडक्रस सिद्धान्त र मूल्य मान्यताको प्रवर्द्धनजस्ता कार्य क्षेत्रहरूमार्फत बर्सेनि करिब २५ लाखभन्दा बढीलाई सेवा पुर्‍याउन सफल भएको छ ।

# घाँसको बिउ बेचेर दुई लाख आम्दानी

**दाङ, वैशाख २४/**घोराही उपमहानगरपालिका-६ का मिकसर चौधरीले २२ कट्ठा जमिनमा बर्सिम घाँसखेती गरेका छन् । उनले दुई वटा दुहुना भैंसी र आठ वटा भेडा पालेका छन् ।

कात्तिक देखि वैशाखसम्म हरियो घाँस काटेर भैंसी र भेडालाई खुवाउने र बिउ बिक्री पनि गरिरहेको उनले बताए । गत वर्ष दुई लाखको घाँसको बिउ बिक्री गरेको चौधरीले जानकारी दिए । यो वर्ष पनि प्रशस्त दाना लागेकाले गत वर्षभन्दा बढी आम्दानी हुने उनको विश्वास छ । 'खेतमा छर्न थालेपछि हिउँदको समयमा घाँस खोज्न जान परेको छैन, समयको बचत भएको छ । हरियो हुँदा घाँस खुवाउन पनि पाइने र त्यसको दानालाई बिउका रूपमा बिक्री हुन्छ', उनले भने। उनका अनुसार दाङका किसानले घाँसको बिउ बिक्री गरेर लाखौं रुपैयाँ आम्दानी गर्न थालेका छन् । घोराही-६ का प्रेम चौधरीले तीन वटा भैंसी, एउटा गाई र छ वटा बाख्रा पालेका छन् । '१९ कट्ठा



खेतमा बर्सिम घाँस छरेको छु, वस्तुभाउलाई घाँस खुवाउन सहज भएसँगै पशुपालन सजिलो भएको छ । हिउँदमा हरियो घाँस खाएर भैंसीले दूध पनि बढाएका छन्', उनले भने । घरमा बिउ उत्पादन गरेर बर्सेनि घाँसखेती गर्ने गरिरहेको भन्दै प्रेमले घाँसका लागि पशुपालक किसानको घाँसखेतीमा आकर्षण बढेको जानकारी दिए । 'बर्खाको समयमा लगाएको धान काट्नुभन्दा अगाडि मसुरो छरे जस्तै गरेर यो घाँसको बिउ छर्ने गरिन्छ। घाँस उम्रँदा धान काटिसकेको हुनुपर्छ, कसैले यसलाई खेत जोतेर पनि छर्ने गरेका पनि छन्", उनले भने । गत वर्ष ९० हजारको घाँसको बिउ बिक्री गरेको जनाउँदै प्रेमले यो वर्ष एक लाखभन्दा बढीमा बिक्री हुने अनुमान गरेको बताए । घोराही-५, ६, ७, ८ र १७ का कृषकले १५ कट्ठादेखि २५ कट्ठासम्ममा घाँसखेती गरेका घाँस बिउ उत्पादक संघले जनाएको छ । अन्य बालीभन्दा धेरै फाइदा हुने भएपछि यसतर्फ किसानको आकर्षण बढेको संघका सचिव विमल अधिकारीले जानकारी दिए ।घोराही-६ को गुरुवागाउँ, गुरगै, जजरागाउँ, बेरुवागाउँ, बेरगै, फचकपुर र अघरा तथा घोराही-१७ को कर्जाही र गैरागाउँका किसानले विगत १० वर्षदेखि बर्सिम घाँसखेती गरिरहेका उनले जानकारी दिए ।

'यसलाई 'ग्रिनगोल्ड'का नामले पनि चिनिन्छ । यो खेती गर्ने किसानलाई दोहोरोतेहोरो फाइदा हुन्छ । हरियोमा घाँस खुवाउन पाइने, सुकेको डाँठ पनि खुवाउन पाइने र दाना पनि बिक्री गरेर नगद आम्दानी गर्न पाइने भएपछि दाङका सबैजसो पालिकाका किसानले यो घाँसखेती गर्न थालेका छन्', अधिकारीले भने । गत वर्ष घाँसको दाना बिक्री गरेर किसानले रु दुई लाख ९० हजारदेखि तीन लाखसम्म आम्दानी गरेका छन् । यो घाँस खाएका पशुले दूध उत्पादन बढाउने गरेकाले अत्यन्तै लाभकारी भएको अधिकारीले बताए ।

-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## रेडक्रस दिवसको सान्दर्भिकता

विश्व रेडक्रस दिवस, नेपालमा पनि विविध कार्यक्रम गरी मनाइँदैछ । यो हरेक वर्षको मे ८ मा मनाउने गरिन्छ । रेडक्रसका संस्थापक हेनरी ड्युनाको जन्मदिनमा उनले गरेको योगदानको कदर गर्दै आजको दिनलाई विश्वभर रेडक्रस दिवसका रुपमा मनाइने गरिन्छ । विशुद्ध मानविय सेवालाई ध्यानमा राख्दै हेनरीले सन् १८६३ मा रेडक्रस सोसाइटीको स्थापना गरेका थिए । उनको विचारलाई आदर सम्मान गर्दै सन् १८६४ मा जेनेभा सम्मेलनबाट आधिकारीक मान्यता प्राप्त गऱ्यो । तर नेपालमा भने वि.स. २०२० सालमा मात्र रेडक्रसको स्थापना भएको हो ।

रेडक्रसले मानवीय सेवाका विविध आयामहरुमा काम गर्दै आए पनि यसको मुख्य लक्ष्य चाहिँ मानव उद्धार नै हो । मानव तथा प्रकृतिबाट घटित हरेक विपत्तिमा पीडितको उद्धार तथा जीवन रक्षा गर्नु रेडक्रसको मूल धर्म हो । रेडक्रसका निकाय र यसमा आवद्ध लाखौं रेडक्रसकर्मीहरुका लागि आजको दिन एउटा विशेष पर्व हो । यो मानवीय गतिविधि, यसका आदर्श सिद्धान्त र समृद्ध इतिहासलाई प्रचार–प्रसार गर्ने एउटा महत्वपूर्ण अवसर पनि हो । रेडक्रस अभियानले हरेक वर्ष विश्वभरी सशस्त्र संघर्ष, प्राकृतिक प्रकोप र अन्य आकस्मिक परिस्थितिमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । रेडक्रसको जन्म पछाडी मानव पीडाको कथा जोडिएको छ । यो मानवतावादी संस्था स्थापनाकालदेखि नै हरेक प्रकारका मानवीय पीडा कम एकाग्र चिन्तनका साथ समर्पित रहँदै आएको छ । मानवता, निष्पक्षता, तटस्थता, स्वतन्त्रता, ऐच्छिक सेवा एकता र विश्वव्यापकता जस्ता मुख्य सात सिद्धान्तमा अडिग यो पवित्र संस्था हो । तर पछिल्लो समय यो संस्था विवादमा छ । नियमित रुपमा नवीकरण र साधारणसभा नगर्नुले रेडक्रसमाथि शंकाको दृष्टिकोणले हेर्न थालिएको छ । भ्रष्टाचारले चुर्लुम्म डुबेको र राजनीतिक हस्तक्षेप पनि उस्तै भएकाले सेवामूलक संस्थाको रुपमा दर्जा पाएको रेडक्रसले अहिले बदनाम खेप्नु परेको छ । यो अत्यन्त दुखको कुरा हो । रेडक्रस अभियानको लक्ष्य जुनसुकै समय र स्थानमा हुन सक्ने मानवीय पीडा हटाउनु वा कम गर्नु पनि हो । सोही लक्ष्य अनुसार मानवीय सेवाका विषयमा आवश्यक पर्दा सरकारलाई सहयोग गर्दै रेडक्रस जनचेतना फैलाउँदै घर–घरमा पुग्न पनि रेडक्रस सक्नुपर्छ । सामाजिक सद्भाव अभिवृद्धि गराउने दिशामा रेडक्रसले आफुलाई सक्रिय बनाउनुपर्छ । यसो गर्न सके मात्र रेडक्रस दिवसको सान्दर्भिकता रहन्छ ।

## Opinion @ Social Network

सपना देख्नुस्, योजना बनाउनुहोस्,
मिहिनेत गर्नुस् - सफलताको बाटो यही हो।

*(तारा पाण्डेको फेसबुकस्टाटस https://www.facebook.com/pandey.tara5632)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रूरूक्षेत्रको महिमा



पुष्कर अथक रेग्मी

बराह पुराण अनुसार भृगुवंशमा देवदत्त नाम गरेका एक तपस्वी ऋषि थिए । उनी कालीगण्डकीको तटमा तपस्यारत थिए । उनको तपस्या भङ्ग गर्न भनेर स्वर्गका राजा इन्द्रले प्रम्लोचना नामकी अप्सरालाई पठाए । अप्सरादेखि मोहित भई ऋषिले धेरै समयसम्म सहवास गरे । अप्सरामा गर्भ रहेको थाहा पाएपछि ऋषिलाई महापश्चाताप भयो । कालीगण्डकीवारीको "गलफुल" गुफा छाडी गण्डकी पारीको वनमा गई साधानारत भई सिद्धि प्राप्त गरे । उनको त्यो सिद्धि प्राप्तिस्थल भृगुतुङ्गेश्वर नामले प्रख्यात रहन गयो । यो दर्शनीय स्थल अद्यावधि छदैछ ।

यता अप्सराले एउटा बालिकालाई जन्म दिइन् । सुन्दरता र यौन सुखलाई मात्र महत्व दिने, ममतामयी फदय नभएकी प्रम्लोचना अप्सराले बालिकालाई जन्म दिई अलपत्रै वनमा छाडेर गईन् । बनमा एक्लै रोइरहेकी मानवी कन्यालाई देखेर दया लागि रूरू जातिका मृगहरूले स्तनपान गराएर हुर्काए, वढाए । यसपछि ती कन्यालाई 'रूरूकन्या' भन्न थालियो । उनी सदा सर्वदा कल्याणकारी भगवान श्रीविष्णुको अटल आराधनामा तपस्यारत भईन् । एकदिन श्रीविष्णु खुशी भई वरदान माग भन्ने आज्ञा भयो । रूरू कन्याले हात जोड्दै भनिन् "भगवान् ! हजूरको दर्शनले म धन्य भए । हजुरको भक्ति बाहेक मलाई अरू केही चाहिदैन । मैले यसै ठाउँमा सदैव हजुरको दर्शन पाईरहुँ ।" "रूरू ! तिम्रो तपस्याबाट म प्रशन्न भए । कालीगण्डकीको यो भूमि तिम्रो तप:स्थल अब देखि रूरू क्षेत्रको नामले परम पवित्र प्रसिद्ध रहिरहनेछ, तथास्तु"भनी चर्तुबाहु विष्णु भगवान शालिकग्राम शिलामय भई "ऋषीकेश" मूर्तिको रुपमा रहनु भयो । ऋषीकेशको अर्थ इन्द्रियहरूका स्वामी मानिएका भगवान विष्णुको स्वरुप हो ।

कालान्तरमा यो मूर्ति रुरुक्षेत्र कालीगण्डकीकै जलमा डुविरहेको अवस्था थियो । आजभन्दा करीव पाँचसय वर्ष अघिको कुरा हो । त्यतिवेला विशाल पाल्पा राज्यका राजा मणिमुकुन्द सेन (प्रथम) थिए । पाल्पा राज्यको सीमाना पूर्वमा वराह क्षेत्र, पश्चिममा रूरू क्षेत्र, उत्तरमा मुक्ति क्षेत्र र दक्षिणमा हरिहर क्षेत्रसम्म फैलिएको थियो । मुकुन्द सेन अत्यन्त वीर पराक्रमी प्रतापी हुनुका साथै अत्यन्तै धार्मिक स्वभावका राजा थिए । मुकुन्द सेनको दरवार त्यतिबेला अहिलेको भैरवस्थान नजिकैको पूरनकोट ( पूर्णकोट) डाँडामा थियो ।

*यता अप्सराले एउटा बालिकालाई जन्म दिइन् । सुन्दरता र यौन सुखलाई मात्र महत्व दिने, ममतामयी हृदय नभएकी प्रम्लोचना अप्सराले बालिकालाई जन्म दिई अलपत्रै वनमा छाडेर गईन् । बनमा एक्लै रोइरहेकी मानवी कन्यालाई देखेर दया लागि रूरू जातिका मृगहरूले स्तनपान गराएर हुर्काए, वढाए । यसपछि ती कन्यालाई 'रूरूकन्या' भन्न थालियो । उनी सदा सर्वदा कल्याणकारी भगवान श्रीविष्णुको अटल आराधनामा तपस्यारत भईन् । एकदिन श्रीविष्णु खुशी भई वरदान माग भन्ने आज्ञा भयो । रूरू कन्याले हात जोड्दै भनिन् "भगवान् ! हजूरको दर्शनले म धन्य भए । हजुरको भक्ति बाहेक मलाई अरू केही चाहिदैन । मैले यसै ठाउँमा सदैव हजुरको दर्शन पाईरहुँ ।" "रूरू ! तिम्रो तपस्याबाट म प्रशन्न भए । कालीगण्डकीको यो भूमि तिम्रो तप:स्थल अब देखि रूरू क्षेत्रको नामले परम पवित्र प्रसिद्ध रहिरहनेछ, तथास्तु"भनी चर्तुबाहु विष्णु भगवान शालिकग्राम शिलामय भई "ऋषीकेश" मूर्तिको रुपमा रहनु भयो । ऋषीकेशको अर्थ इन्द्रियहरूका स्वामी मानिएका भगवान विष्णुको स्वरुप हो । कालान्तरमा यो मूर्ति रुरुक्षेत्र कालीगण्डकीकै जलमा डुविरहेको अवस्था थियो । आजभन्दा करीव पाँचसय वर्ष अघिको कुरा हो । त्यतिवेला विशाल पाल्पा राज्यका राजा मणिमुकुन्द सेन (प्रथम) थिए । पाल्पा राज्यको सीमाना पूर्वमा वराह क्षेत्र, पश्चिममा रूरू क्षेत्र, उत्तरमा मुक्ति क्षेत्र र दक्षिणमा हरिहर क्षेत्रसम्म फैलिएको थियो । मुकुन्द सेन अत्यन्त वीर पराक्रमी प्रतापी हुनुका साथै अत्यन्तै धार्मिक स्वभावका राजा थिए ।*

उनी सधै विहान सबेरै उठेर कालीगण्डकीमा स्नान गर्न जान्थे । एकरात राजाले एउटा अपूर्व सपना देखे । सपनामा शंख, चक, गदा, र पद्मले सुशोभित चर्तुबाहु विष्णु भगवान प्रकट भई भने, "हे राजन ! भोलि विहान तिमी कालीगण्डकीको स्नान गर्न जाँदा जलभित्र एउटा शिलामूर्ति भेटाउनेछौं । शिलालाई जलबाहिर निकाली मन्दिर बनाई यही रूरू क्षेत्रमा स्थापित गर्नु, यस पुनित कार्यबाट तिमी, तिम्रो राज्य र समस्त प्रजाहरूको हित र कल्याण हुनेछ ।" भोलिपल्ट विहान सबेरै राजा सैनिक, गुरु, पुरोहित सहित कालीगण्डकी तटमा गएर नित्य स्नान गर्न डुबुल्की लाउँदा उनको टाउकोले एउटा शिलामा छोयो र राजाले उक्त शिलालाई जलबाट बाहिर निकाल्न सैनिकहरूलाई भने तर उनीहरुले अनेक प्रयत्न गर्दा पनि शिला उठाउन सकेनन् । राजालाई चिन्ता भयो र आश्चर्य सहित धैर्य गर्दै विष्णु भगवानको स्मरण गर्दै जलभित्र स्वयम् प्रवेश गरेर दुवै हात फिजाई शिलालाई उठाउन खोज्दा शिला फूलको थुङ्गाझै सजिलै राजाको करकमलमा उठ्यो । शिला लिएर राजा जलबाहिर आए । शिला शालिग्रामले बनेको चर्तुबाहु कालो श्रीनारायणको सुन्दर मूर्ति थियो । सबैले श्रीनारायणको अपूर्व दर्शन गरे । त्यो दिन कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीको दिन थियो । राजाले कालीगण्डकीको तीर रूरू क्षेत्रको पाल्पा खण्डमै श्री नारायणको मूर्ति प्रतिष्ठापित गरे । यो मूर्ति 'ऋषीकेश' को नामले प्रख्यात छ । 'ऋषीकेश' लाई 'ऋषीकेशव' पनि भनिन्छ । यहाँ हरिबोधनी एकादशी, वैशाखे सक्रान्ति र माघे सक्रान्तिको दिन ठूलो मेला लाग्दछ । पितृमोक्षका लागि अन्तिम संस्कार, पितृतर्पण श्राद्ध कार्य, विवाह, व्रतबन्ध, चौरासी पूजा, सप्ताह लगायतका धार्मिक कार्य समेत हुने गर्दछ । कार्तिक शुक्ल हरिबोधनी एकादशीका दिन वडो धुमधामका साथ "ऋषीकेशव" भगवानको रथयात्रा निकाली रूरू क्षेत्रमा परिक्रमा गराइन्छ । तीर्थराज प्रयाग,कुरूक्षेत्र र नैमिषारण्यमा सय पटक स्नान गर्नाले जुन फल पाउँछ त्योभन्दा सयौं गुणा बढी फल कालीगण्डकीको रूरू क्षेत्रमा एकपटक स्नान गर्दा मिल्छ । रूरू क्षेत्रलाई रिडी पनि भनिन्छ । कालीगण्डकीको तीरमा अवस्थित रूरू क्षेत्र, रिडी पाल्पा, गुल्मी र स्याङ्जाको सङ्गमस्थलको रुपमा रहेको छ । पाल्पाको सदरमुकाम तानसेनबाट तीस किलोमिटरको उत्तर पश्चिममा रहेको रूरू क्षेत्र धामको कालीगण्डकीमा स्नान गरी ऋषीकेशको दर्शन गर्नाले सम्पूर्ण पाप र दु:ख नाश भई ठूलो पुण्य प्राप्ति हुन्छ । यस लोकमा सुख शान्ति र समृद्धि पाई परलोकमा मोक्ष मिल्दछ भन्ने फलस्तुति रहेको छ । पौराणिक धार्मिक किवंदन्ती र सेनकालीन इतिहाससँग जोडिएको कालीगण्डकी, रूरूकन्या र ऋषीकेशको अलौकिक महिमारुपी रूरू क्षेत्र नेपालको अपूर्व दर्शनीय भू-स्वर्ग हो ।

*(रेग्मी स्थापित साहित्यकारका साथै ऐतिहासिक पौराणिक कथनमा कलम चलाउदै आएका लेखक हुन्)*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा सफलता मिल्नेछ । साथीभाइसँग मेलमिलाप बढ्नेछ । | **तुला** : काममा विघ्न आउन सक्छ। स्वास्थ्यप्रति ध्यान दिनुहोस् । |
| **वृष** : पारिवारिक सहयोग प्राप्त हुनेछ। आर्थिक पक्ष बलियो बन्नेछ । | **वृश्चिक** : मन चञ्चल हुन सक्छ। सोचेर मात्र निर्णय गर्नुहोस् । |
| **मिथुन** : थोरै तनावको अनुभव हुन सक्छ । ध्यान केन्द्रित गर्नुहोला। | **धनु** : पुराना समस्या समाधान हुनेछन्। व्यवसायमा फाइदा मिल्नेछ। |
| **कर्कट** : शुभ समाचार प्राप्त हुने सम्भावना छ। प्रेम सम्बन्धमा सुधार आउनेछ । | **मकर** : काममा सफलता मिल्नेछ । योजना कार्यान्वयनको दिशामा अघि बढ्नेछ। |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : विवादबाट टाढा रहनु राम्रो हुन्छ। भावनामा बहिनु ठीक हुँदैन । |
| **कन्या** : नयाँ अवसरहरूको संकेत छ। सामाजिक प्रतिष्ठा बढ्नेछ । | **मीन** : मानसिक सन्तुलन आवश्यक छ। पारिवारिक कुरामा समन्वय कायम गर्नुहोस्। |




बालकथा

# बासी खाना

कतिपय मानिसमा अरूको कमाइमा फुर्ती लाउने बानी हुन्छ । यसैको आडमा कोही म यस्तो र उस्तो भन्ने गर्छन् । कोही यस्तो गर्न सक्छु, त्यस्तो गर्न सक्छु भन्न पुगिरहेका हुन्छन् तर यस्तो बानी राम्रो भने होइन । पहिलो कुरा त यसले घमन्डी र अहङ्कारी बनाउँछ । दोस्रो कुरा प्रगति र उन्नतिको ढोकामा आग्लो लाग्न पनि बेर लाग्दैन । हुन त जसरी प्राप्त भए पनि आफ्नो धन आफ्नै हो तर जसमा आफ्नो श्रम परेको छैन त्यसले सुखी आनन्दित गराउन सक्दैन ।

धेरै पहिलेको कुरा हो । एक पटक कुनै सज्जन आफ्ना बाल दोस्तीको घर गएका थिए । यद्यपि त्यतिबेला उनका दोस्ती थिएनन् । तीन चार वर्ष अघि नै बितिसेका थिए । तैपनि उनका छोरा श्यामलाई भेट्न भनेर गएका थिए । बाबुको बालदोस्ती आएको देखेर श्याम निकै खुसी भयो र सक्दो स्वागत सत्कार गऱ्यो । स्वागत सत्कारको काम सकिएपछि आगन्तुक सज्जनले भने- 'बाबु श्याम ! तिम्रा बाबुले चाँडै नै छाडेर गए । दैवको लीला यस्तै हो, कसलाई कतिबेला के पर्छ पत्तै हुँदैन । मन सानो नगराऊ । हामी छौँ । आफू घरमा नभएकाले दु:खको बेला भेटन् आउन सकिन माफ गर । सानै छौ । व्यवहारमा नपरेको मानिस कति बेला के गर्ने थाहा नहुन सक्छ । बाबुको कमाई छ भनेर विना काममा नउडाउनु । परेको बेला हीरा पनि फोर्नु पर्छ । अघिपछि नुनको ढिका पनि होस पुऱ्याएर चलाउनुपर्छ भन्ने उखानै छ । आवश्यकता पर्दा सम्झना गर्नु । सकै आउँला नभए पनि सन्देश पाउनेछौ ।'



धेरै पहिलेको कुरा हो । एक पटक कुनै सज्जन आफ्ना बाल दोस्तीको घर गएका थिए । यद्यपि त्यतिबेला उनका दोस्ती थिएनन् । तीन चार वर्ष अघि नै बितिसेका थिए । तैपनि उनका छोरा श्यामलाई भेट्न भनेर गएका थिए । बाबुको बालदोस्ती आएको देखेर श्याम निकै खुसी भयो र सक्दो स्वागत सत्कार गऱ्यो । स्वागत सत्कारको काम सकिएपछि आगन्तुक सज्जनले भने- 'बाबु श्याम ! तिम्रा बाबुले चाँडै नै छाडेर गए ।

श्यामको ऐश आराममा सम्पत्ति खर्च गर्ने बानी थियो । यसैका कारण बाबु बितेको छोटो समयमै आधाभन्दा बढी सम्पत्ति उडाइसकेका थिए । त्यसैले उनले यस्तो कुरा गरेका थिए तर श्यामले भने त्यसको आशय बुझ्न सकेन र हाल्कारूपमा लिँदै भन्यो-

'के गर्ने काका ! दैवको लीला यस्तै रहेछ भन्ने ठानेर चित्त बुझाएको छु । अब मेरा लागि बाबा भने पनि काका भने पनि तपाईं नै हो । अल्लारे छु गल्ती हुन सक्छ । यस्तोमा मार्गदर्शन दिन नभुल्नुहोला ।' सज्जन एकाध दिन त्यतै बसे । श्यामको व्यवहार उनलाई कत्ति मन परेको थिएन । तैपनि प्रसङ्ग नमिली त्यत्तिकै केही भन्न सकिने अवस्था थिएन । जब उनी केही दिन बसी फर्कने विचार गर्न लागे तब श्यामले आएर भन्यो-

'काका ! केही दिनमै दीपावली आउँदै छ । घरमा भोजको प्रबन्ध गरेछु । मिल्छ भने त्यति बेलासम्म बसिदिनु भए आभारी हुने थिएँ ।' आगन्तुक सज्जन यस्तै मौकाको पर्खाइमा थिए । तैपनि केही सम्झाउन सकिन्छ कि भन्ने आशा लिएर भने-

'त्यसै भन्छौ त्यही सही । दुई चार दिन बस्दैमा तिमी खुसी हुन्छौ भने मेरो भन्नु केही छैन ।' यति भनेर सज्जन रोकिए । एक दिन, दुई दिन गर्दै दीपावलीको दिन आइपुग्यो । श्यामले भव्य भोजको प्रबन्ध गऱ्यो । उसका मित्रमण्डलीका साथीहरू आएर भोजमा सहभागी भए । जब आगन्तुक सज्जनलाई भोजन दिइयो तब उनले एक गाँस खाना हातमा लिँदै भने-

'बाबु श्याम ! मेरो बानी तिमीलाई थाहा छैन जस्तो लाग्यो । मैले बासी खाना खाने गरेको छैन । भलै भोजन मीठो नहोस् तर ताजा भने हुनैपर्छ । तिमीले बासी खाना दिएर राम्रो गरेनौ । माफ गर यसलाई खान सक्दिन ।' उनको कुरा सुनेर श्यामको आश्चर्यको सीमा रहेन । भोजन ताजा थियो, भरखरै पकाएको । तैपनि बुढा बासी भनिरहेका छन् । उसले कुरा बुझ्न नसकेको भावमा भन्यो- 'काका ! के भन्नुभएको यस्तो ? यो भोजन त भरखरै बनाएको हो । ताजा पनि छ शुद्ध पनि छ । तैपनि बासी भन्दै हुनुहुन्छ यसमा पक्कै कुनै रहश्य हुनुपर्छ ।' त्यसपछि सज्जनले यसै मौकामा सम्झाउन उपयुक्त ठानी मुस्कुराउँदै भने- 'बत्स ! तिमी भ्रममा छौ । यो भोजन बासी मात्र होइन पच्चीसौँ वर्ष पुरानो गन्ध आइरहेको छ । यस्तो भोजनलाई कसरी ताजा ताजा भनौँ । मेरा मित्र पौरखी थिए । निकै कष्टले सम्पत्ति जोडेका थिए तर तिमीले उनी गएको तीन चार वर्षमै आधाभन्दा बढी खर्च गरिसकेका छौ । यसरी कति दिन चल्छ ? पैसाको महत्व आफैँले नकमाई थाहा हुन्न बुझ्यौ ? यदि तिमीले कमाइको भोजन भएको भए तीन दिनको बासी भए पनि ताजा मानेर खाने थिएँ चाहे भुटेको मकै नै किन नहोस् तर यो त तिम्रो कमाइको होइन । जब तिम्रो कमाइकै होइन भने कसरी ताजा भनौँ । लाग्छ त्यस्तो त मेरो निधारमै लेखेको छैन ।'

उनको कुरा सुनेर श्यामको आँखा खुल्यो । उसले सज्जनको गोडा समाउँदै भन्यो- 'काका ! तपाईंले मेरो आँखा खोलिदिनुभयो । अब त्यस्तै गर्नेछु । अर्को पटक आउँदा आफ्नै कमाइले भोजन गराउनेछु ।' उनको कुरा सुनेर सज्जन निकै खुसी भए । सफलताका शुभकामना दिँदै हिँडे । त्यसपछि श्याम कडा मिहिनेत गरी कमाउन लाग्यो । उसलाई देवता, पितृ आदि सबैको यति बढी आशीष प्राप्त भयो कि चाडै नै धनाढ्य बनेर सुखले रहन लाग्यो । यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर सही धन त्यही हो, जसमा आफ्नै श्रम परेको हुन्छ । अन्य धन त देख्न र देखाउनमै सीमित हुन्छन् ।

*-रातोपाटी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


क्लासिक निबन्ध — लक्ष्मीप्रसाद देवकोटा

# फूल

कविहरू किन फूलतर्फ ज्यादा आकर्षित हुन्छन् ? प्रकृतिमा जस्तै फूल नफुलीकन काव्यमा मधुमासको विलास पाइन्न । सुन्दर रूपको उपमा दिनुपर्यो भने कविजीको कल्पना कुसुमतर्फ खिचिन्छ । सुन्दरताका उपासक कविजीहरू कवितालाई अनेक रङका कुसुमहरूले सिँगार्दछन् । वास्तवमा प्रकृतिको मोहनी मृदुल अधरबाट बोल्दछ । अनन्त सौन्दर्यका झिल्काहरू वसन्तको नवजागृतिमा वसुन्धराउपर छरिन्छन् । फुलेको बगैँचाले हामीलाई भित्र-भित्रै उचाल्दछ । रहस्यको देशबाट आएका वैशाखका पाहुनाहरूले जीवनको निकेतनलाई रमाइलो गराउँछन् । यसकारण सबै कविहरू वसन्तका पुजारी बन्दछन् ।

कविता पनि त शरीरको माटोमा जरा हालेर फुलेको सौन्दर्यको पुष्प मनको जागरण कालमा प्रादर्भाव भएको न हो । त्यो सच्चा कविता हो, जसमा माटोले सौन्दर्यको कोमल रङ लिन्छ र फदयलाई कहाँ-कहाँ पुर्याउँदछ । सच्चा कवि वसन्तको फूलबारी हो । मानिसले साहित्यमा नै प्रकृतिको उचाइ र सौन्दर्य लिन्छ । नत्र बिचरा मानिस प्रकृतिका फूलबारीमा घस्रेर चल्ने किराको रूपमा देखिन्छ । साहित्यका आदर्शले नै जीवनलाई बीभत्स रूपबाट बचाएका छन् । मानिस पनि एउटा फूलको कोपिला हो, जसमा भावको रङ चढ्दछ, सफदयताको कोमलता आउँछ, विचारको सङ्गतिद्वारा सौन्दर्य विकासमान हुन्छ र भित्रको सुगन्धले घरबारी मगमगाउँछ ।

कृष्णजीको नाभिबाट कमल फुलेको छ, कमलका फूलमा चार वेद हातमा लिएका ब्रह्माजी प्रादुर्भूत हुनुभएको छ । हरेक फूलमा नजर भएकालाई चारै वेद फुलेका छन् । हेर यो गुलाब । एकान्तमा फदयअगाडि यसले हजार कलिला ओठ खोलेर बोल्दछ ।

कालो, खस्रो गन्हाउने माटोबाट यो सौन्दर्य, यो सुवास कसरी आयो । कुन गहिराइबाट यो अर्को रङ, यो अनुपम कोमलता । कुन जादुले हरिया काँढावाल बोटको श्रीपेच गराएर यस सौन्दर्यको लाली चढायो । कुन स्थिति, कुन नियमले आविष्कार गयो- पत्तीहरूको यो कारीगरी, यो मिलाप, यो फुकाइ, यो लच्कँदा बाटुला घेरा, यो सूक्ष्म शरीर, यी मसिना मधुर धर्सा र धर्का, यो स्थानको औचित्य र प्रफुल्लताको वैचित्र्य । फेरि खरिलो कलिलो डाँठउपरको लच्काइ ! यो परागकेन्द्रको मिहिन तमासा । हावा र धामतर्फको यो उत्सुक बढाइ कुन सूक्ष्म चैतन्यले दिइरहेछ । यी हरिया पातहरूको घरमा प्रलयसमीरको भुलौनामा केले हल्लाईहल्लाई हँसाइरहेछ । यो पवित्र सजीव चाल र बाललीलाको सरसता र जीवनको तिलस्मी नाटकको खेल हो । फेरि यो मधुर सुगन्ध, मानौं त्यही सुन्दर रूपको सूक्ष्म सार, कुन जलको अगोचर बाफ उठेको हो, कुन फदयको भाव वायुमण्डलमा फैलिरहेको हो ! अहा ! यसलाई कुन अविदित हातले स्पर्श गरेर खिलायो । पृथ्वीको वक्ष-स्थलमा दूध चुसिरहेको यो शिशु, वसन्तको प्रवाहमा श्वास फेरिरहेछ । यसले यो मुस्कान कहाँबाट चोयो । यो कहाँको झल्का देखिएको हो । उषा र साँझको लालीले रङ्गिनको भाव झैं यो फूल मेरो नजरसामुन्ने छ । म यसलाई हेरिरहेछु, अन्तमा छालहरू फदय छुँदै छचल्किन्छन्, म कहाँ-कहाँ पुग्दछु । सिर्जनाको पहिलो हरियो रङ फैलिदा यो कसको साथमा पृथ्वीको वाटिकामा आएथ्यो । कहाँ अल्पिन्छ यो रङ्गिन छाया, कहाँबाट फेरि झल्किन्छ । फूलमा सौन्दर्यसँग सजीवता मिलेको छ । घरको, पहाडको, आकाशको, पृथ्वीको सुन्दरतामा ज्यान नभएको जस्तो लाग्छ, तर पृथ्वीलाई रङ्गीचङ्गी जीवनको चाल दिने फूलहरू हुन्, आकाशको एकोहोरो गाम्भीर्यमा सजीव गौरवको चाल थप्ने आकाशैका मोती फूलहरू हुन्, अथवा ती सुनौला गुलाबी फूल जसलाई हामी बादल भन्दछौं । सुन्दर प्रभात गुलाबको फूल भएर फुल्दछ, मनोहर सन्ध्यामा गुलाब र सुनगाभा मिसिन्छ । प्रकृतिका सुन्दर दृश्यमा फूलहरूमा झैं तीन विशेषता देखिन्छन्, रङको लालित्य, फदयस्पर्शी कोमलता र अङ्गसङ्गतिको विचित्र माधुर्य । सबै राम्रा चित्रहरू चित्रकारको मगजका फूलहरू हुन् । रङ भर्न खोज्नेलाई फूलहरूमा सब किसिमका रङ र छाँट मिल्दछन्- फीका गाढा, मिहिन, चड्का, हलुका गहिरा, तर फूलहरूमा सरस चाल छन् । यी सजीवताको माधुर्य सबै चीजमा पाइन्न, कुनै चीजमा यो वैचित्र्य लिएको देखिन्न । चित्रमा सौन्दर्यको यो चलेको जिउँदोपन पाइन्न । सजीव सौन्दर्य त्यहीं छ फूलको मोहनी अहा ! भँवराले गुलियो रस चुसिरहेछ । म अर्को अमृत पिइरहेछु, अर्कै विचित्र मादक रस ।

एक अंग्रेजी कवि भन्दछन्, 'सौन्दर्यको चीज सधैँको आनन्द हुन्छ । सुन्दर चीज कहिल्यै मर्दैनन् । आज जुन गुलाब फुलिरहेछ, त्यसलाई परिवर्तनको हातले छुँदैन । मेरो नजरद्वारा फदयमा घुसेर सधैँ हाँसिरहन्छ । फूलबारीमा समय र अवकाशले परिबद्ध थियो, फदयको वाटिकामा यसले ऋतु र स्थानको सीमा नाघ्दछ । पृथ्वीमा तुसारो परोस् तर मभित्र यसलाई प्रेमको अमर वसन्त छ जुन रूपमा देखिएथ्यो, उही रूपमा फुलिरहनेछ । मानिसको जीवनलाई फूलहरूले रङ्गाइरहेछन्, खुश्बू दिइरहेछन् । फूलहरूले फदयलाई सुन्दरतिर खिचिरहेछन् । यिनीहरूद्वारा हामी त्यस सौन्दर्यको देशमा पस्तछौं, यहाँ हरेक कदममा विचित्र आनन्द छ । परमानन्दको आभास फूलको मुहारमा झल्कन्छ । फूल देखेर मानिस आफ्नो असुन्दर जीवनउपर शरम मान्दछ । मेरो फदय सुन्दर रूप लिएर फुल्न खोज्दछ, तर साधारण मूल सडकको मैला छारोले यसलाई दिनदिनै मैल्याइरहेछ, धूलोले छाइरहेछ । मेरो फुल्ने आकांक्षा फुट्न नपाएको कोपिला भइरहेछ । मेरो विकासलाई अनेक धन्दाले हावा छेकिरहेछन् । म बाहिर निस्कन छटपटाइरहेछु, तर मेरो जरामा कीराले शिकार खेलिरहेछ, मभित्र फुल्ने सम्भावना रहेको छ, तर कोपिलैमा वैलाउन लागिरहेछु । आफ्नो असुन्दर जीवनमा म घृणा मान्दछु, जब म प्रफुल्लित फूलको सौन्दर्य देख्दछु । हे मानिस ! फूलसँग आफ्नो जीवनको महान् उपदेश सिक, फदयमा कोमलतालाई अवकाश देऊह सुन्दर भावहरूको रङ चढाऊ, भित्री जीवनमा त्यो दिव्य सङ्गति त्यो लयदार मिलाप आउन देऊ । हामी फूलहरूलाई हेर्दा सजिलैसँग फुलेजस्तो मान्दछौं । तर यिनको विकासलाई प्रशस्त समय र प्रयास चाहिएको थियो ! अघिल्लो वर्षको हावाले छरेको एउटा सानो बीज माटोभित्र कतातिर लुकिरहेको थियो, हिउँदको शासना खाएर तुषारोमनि यसले जागृतिको काल पर्खिरहेको थियो । अब उचित समयमा यो आच्छन्न जीवनशक्तिले, माटोको कलिलो अवस्थामा मौका पाएर खुला घाम हावातर्फ यो उज्यालो जगत्तिर फैलिन कोशिस गर्यो । माटोतल जरा हाल्दै बलियो जग बसाल्दै गयो । माथितिर ढीलो नथामिने उद्योगले माटोको रोकावट छिचोल्दै पृथ्वीको गर्भबाट पैदा भयो । तब हावामा सास फेर्दै, जल पिउँदै अब्बल माटोको पोषक पदार्थको स्वाद लिँदै यो सानो अङ्कुरले सूर्य र चन्द्रमनि हरियो रङ लिएर उचाइ र फैलावट लिन थाल्यो । तब दिन-दिन बढ्दै फैलिँदै यसले यो रूप लियो, यस्ता पातहरू फैलायो, यी काँढाहरू जीवनका संरक्षक शस्त्र झैं निकाल्यो र तब वसन्तलाई सुस्वागत गरेर एउटा झीनो डाँठको टुप्पामा सानो गिर्खा निकाल्यो, त्यसलाई बढायो, रङ चढायो, फुकायो, उचाल्यो, फैलायो । हेर, यो मनोहर गुलाबको सौन्दर्य । यो पनि परिश्रमको उज्यालो श्रीपेच हो। बीजको फूलतर्फ बढ्ने कोशिशमा मानवसभ्यताको तसवीर खिचिएको छ । यी फूलहरू पनि सबै प्राणी जस्तै सन्तान पैदा गर्दछन् । यिनमा पनि भाले पोथीको नैसर्गिक भेदले विचित्र क्रिया पैदा गर्दछ । मानिसको जीवनमा प्रेमको जुन स्थान छ, यिनको समाजमा पनि सुगन्धको उही स्थान छ । यिनको सुवासमा परस्पराकर्षण शक्ति छ । हावाले उडाएर दूर-दूरसम्म यो सौरभ फैलिन्छ र पोथीहरूमा मधुर रोमाञ्च पैदा गर्दछ । यिनीहरूमा पनि प्रफुल्लित हुने फदय छ, स्पर्शको आनन्द लिने इन्द्रिय छ ।

जीवनको जादुले यिनलाई छोएको छ । यी सुकुमार परीहरू मलयसमीरको प्रभाव याद पाउँछन्, वसन्तले यिनलाई पनि मोहनी लगाउँछन् । त्यही समय, अरूले पालुवाको पर्दा उठाएर पछीलीलालाई स्थान दिन्छ, मानिसको छातीलाई के गरी के गरी समाउँछ, त्यसैले यिनलाई पनि पुलकित गराउँछ । अहो । यो जीवनको वैचित्र्य, यो अद्भुत तमाशा । अहो ! यो विचार गर यो सब इन्द्रजाल, त्यो सानो आँखाले नभेट्टाउने जस्तो बीउको दानामा लुकेर काम गरिरहेको थियो ? यो फैलावट, यो जीवनको गौरव त्यसभित्र कसरी अटायो ? यो स्पन्दन र यो कम्पन कुन सूक्ष्म रूपले त्यो बीजको कुन गहिराइमा लयदार चालमा हलुका तवरले झल्किरहेको थियो । तर यिनीहरू पनि परिवर्तनका चक्करमा घुमिरहेका छन् । छओटा डण्डी भएको पाङ्गाको एक-एक चक्करमा यिनीहरू एक-एकबाजी झल्केर जान्छन् । जाति स्थिर रहन्छ, व्यक्तिको बुँद-बूँद अविरल धारामा बराबर फुल्छ, फुट्छ, हराउँछ । यो फूल झर्दछ, तर फूल न वैलिन्छ, न मर्दछ । चन्द्रमाका कला झै प्रकृतिको स्थितिमा यो कुनचाहिँ कला हो ? संसारलाई रहस्यले छाइरहेछ । हामीलाई हेर्न र आश्चर्य मान्न दिएको छ । फदयमा संसारको सूक्ष्म चित्र रहन्छ । उज्यालो रजनीको जुनेली हावाको रस शीतको थोपामा जमेर फूलमा झल्किएझैं फदयमा संसारको वैचित्र्य झल्कन्छ । हाम्रो फदय नवीन चैतन्यको प्रभातमा मुस्कुराएर उठ्दछ । यो रङ र रूप, रस र गन्धको अनौठो खेलमा केही सार छैन ? हामी भन्दछौं यो सब नजरको भ्रम हो । तर यसो भन्नाले हाम्रो जनरको सानो पहुँच देखाउँछ । तिनीमा पनि सत्य र सौन्दर्यको सूक्ष्म आभास छ । नत्र मानिसको कविता एउटा अल्पी तरङ्गको निस्सार ताना हुने थियो । दृष्टिगोचर जगत् सपना होइन विपना हो । परिवर्तनको खेलभित्र भए तापनि यसमा असीम र परमसुन्दर विचित्र झल्काहरू छन् । जुन सौन्दर्य म एउटा फूलमा देख्दछु, त्यही म मानिसको मुखमा, स्त्रीजातिको लावण्यमा पनि देख्दछु । संसारलाई सौन्दर्यका लहरीहरूले रङ्गाइरहेका छन् । त्यो अनन्त सौन्दर्यलाई हरेक फूल, हरेक सुन्दर वस्तुले द्वार खुला गरिरहेछ, मानिसको फदय यिनद्वारा सुन्दरको विचित्र देशभित्र पस्तछ । पवित्र जीवनको सौन्दर्य फूलको नातादार हो । रूप र रङको सौन्दर्यले मानिसलाई मुटुमा छुन्छ । कविको उन्माद बहुलट्ठी होइन, सच्चा कवि भनेको सौन्दर्यवाटिकाको भमरो हो । उसको भुनभुनमा पनि मानिसलाई उत्थान र पवित्र आनन्दको सङ्गीत छ । सुन्दर सन्देश जीवनको सच्चा पौष्टिक व्यञ्जन हो ।

*-साहित्यपोष्ट डटकम*

# डिजिटल क्षमता विकास तालिम सकियो



**सुजित रेगामी**

**पाल्पा, वैशाख २४**/जिल्लाको तानसेनमा सञ्चालित पत्रकारहरुको लागि दुई दिने डिजिटल क्षमता विकास तालिम सकिएको छ । नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिको आयोजना, लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहयोग र पत्रकार महासंघ पाल्पा शाखाको व्यवस्थापनमा सञ्चालित तालिम बुधबार सकिएको हो ।


तालिमको नेपाल पत्रकार महासंघ पाल्पा शाखाका पूर्व अध्यक्ष झपेन्द्र गहिरेले एक औपचारिक कार्यक्रमकाबिच समापन गरेका हुन् । तालिमको समापन गर्दै गहिरेले तालिममा सिकेका ज्ञान सीपका कुराहरुलाई व्यवहारमा उतार्न सहभागीहरुलाई आग्रह गरे । उनले पछिल्लो समय मिडियाहरु धरासय बन्ने अवस्थामा पुगेको भन्दै चिन्ता व्यक्त गरे । पूर्व अध्यक्ष गहिरेले मिडिया बचाउने कुरा चुनौतिको विषय रहेकाले तीनै तहका सरकारले मिडिया प्रर्वद्धन गर्ने दिशामा ध्यान दिनुपर्नेमा जोड दिए । विगतका दिनदेखि परम्परागत रुपमा हुँदै आएको पत्रकारिता अबका दिनमा डिजिटल प्रविधिमा आधारित हुन जरुरी रहेको उनले उल्लेख गरे । कार्यक्रममा पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईँले पत्रकारहरुलाई नयाँ प्रविधिका विषयमा जानकारी गराउनु अहिलेको आवश्यकता रहेकाले पत्रकार महासंघ लुम्बिनी प्रदेशले सबै जिल्लाका पत्रकारहरुलाई डिजिटल प्रविधिका बारेमा तालिम सञ्चालन गर्दै हिडेको बताए । उनले पत्रकारहरुको हकहित र अधिकारका विषय महासंघ प्रतिवद्ध भएर लागेको समेत उल्लेख गरे ।

कार्यक्रममा सहभागी वरिष्ठ पत्रकार जगदीश प्रसाद भट्टराईले तालिम अत्यन्त उपयोगी रहेको बताए । उनले यस्ता तालिमहरुले आफुहरु जस्ता पुराना पत्रकारहरुलाई ताजगी बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । सहभागी अर्को पत्रकार सविता मरासीनीले तालिमबाट धेरै कुराहरु सिक्ने मौका पाएको भन्दै सिकेका कुराहरुलाई पत्रकारितामा उपयोग गर्ने बताइन् । महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले पत्रकारहरुको आवश्यकतालाई महशुस गरी पाल्पामा तालिम सञ्चालन गर्न सहयोग गरेकोमा प्रदेश समितिलाई आग्रह गरे । तालिममा सहभागीहरुलाई प्रमाणपत्र समेत प्रदान गरिएको थियो । तालिममा पाल्पा र गुल्मीका ५० जना पत्रकारहरुको सहभागिता रहेको महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले जानकारी ।

तालिममा नेपाल प्रेस चौतारी नेपालका केन्द्रिय उपाध्यक्ष चेतन अधिकारीले पत्रकारितामा तथ्याङ्कको प्रयोग, लुम्बिनी प्रदेश संसदिय मामिला पत्रकार समाजका अध्यक्ष घनश्याम गौतमले ३ वटै क्षेत्रको संसदीय पत्रकारीता, बरिष्ठहरु पत्रकार माधव नेपाल र शंकर प्रसाद खनालले डिजिटल पत्रकारिकाताको बारेमा सहजीकरण गरेका थिए । महासंघ प्रदेश समिति अध्यक्ष शुक्रऋषि चौलागाईँको अध्यक्षता, सचिव गोविन्द शर्माको सञ्चालनमा समापन कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### इन्टर मिलान च्याम्पियन्स लिग फुटबलको फाइनलमा



**काठमाडौं, वैशाख २४**/ इन्टर मिलान युरोपियन च्याम्पियन्स लिग फुटबलको फाइनलमा प्रवेश गरेको छ । बुधबार भएको रोमाञ्चक सेमिफाइनलको दोस्रो लेगमा बार्सिलोनालाई ४-३ ले हराउँदै इन्टर समग्रमा ७-६ को जित निकाल्दै उपाधि नजिक पुगेको हो ।

पहिलो हाफमा २ गोलको अग्रता लिएपनि बार्सिलोनाले दोस्रो हाफमा २ गोल फर्काउँदै खेल बराबरीरु गरेको थियो भने खेल सकिन लाग्दा पुन: दुवै टोलीबाट गोल भएपछि खेल ३-३ को बराबरी हुँदै अतिरिक्त समयमा धकेलिएको थियो । खेलको २१औं मिनेटमा लाउतारो मार्टिनेजले गोल गर्दै इन्टरलाई अग्रता दिलाएका थिए । पहिलो हाफको इन्जुरी समयमा हाकान कान्हानोग्लुले पेनाल्टीमारु गोल गर्दै अग्रता दोब्बर पारे । बार्सिलोनाका लागि ५४औं मिनेटमा एरिक गार्सिया तथा ६०औं मिनेटमा डानी ओल्मोले हेडर गोलरुरु गरेपछि खेल बराबरीमा आएको थियो । त्यसपछि ८७औं मिनेटमा राफिन्हाले गोल गर्दै बार्सिलोनालाई जितको नजिक पुर्याए पनि इन्जुरी समयमा फ्रान्सेको असेर्बीले गोल गर्दै खेल फेरि बराबरीमा ल्याए । त्यसपछि थपिएको अतिरिक्त समयको ९९औं मिनेटमा डेभिड फ्राटेसीले गोल गरेपछि इन्टरले खेलमा फेरि अग्रता लियो । त्यसपछि थप गोल नहुँदा बार्सिलोनाको शानदार प्रदर्शनसहितको यात्रा सेमिफाइनलमै टुंगिएको हो । इन्टरले उपाधिका लागि पिएसजी र आर्सनलबीचको विजेतासँग खेल्ने छ ।

## अर्थ/कर्पोरेट समाचार

### उच्च अंकले बढ्यो नेप्से




**पाल्पा, वैशाख २४**/बुधबार नेप्से परिसूचक उच्च अंकले बढेको छ ।

यसअघि गत फागुन १८ गते नेप्से ७५ अंकले बढेको थियो। सो पछि विहीबार उच्च अंकले बढेको हो । नप्से ६२.२५ अंकले बढेर २६७३.६९ विन्दुमा बन्द भएको छ । यसदिन कारोबार रकम पनि बढेको छ । मंगलबार आठ अर्ब ७४ करोड रूपैयाँको सेयर कारोबार भएकोमा बुधबार १० अर्ब ५१ करोडको कारोबार भएको छ । कुल कारोबारमध्ये जलविद्युत कम्पनीहरूको मात्रै सात अर्बको सेयर किनबेच भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम १ अर्ब ७७ करोड रूपैयाँ वृद्धि भएको हो । यसदिन ३०८ वटा धितोपत्रको दुई करोड ७२ लाख ४५ हजार ४५९ कित्ता सेयर किनबेच भएको हो । बुधबार २२७ कम्पनीको सेयर मूल्य बढेको छ भने १८ वटाको घटेको छ। यस्तै एउटा कम्पनीको मूल्य स्थिर रहेको छ । यसदिन पाँच कम्पनीको मूल्य सर्किट लेभलमा बढेको छ । नेपाल माइक्रो इन्स्योरेन्स र क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको मूल्य १० प्रतिशत, बुटवल पावर कम्पनी र ओम मेगाश्री फर्मास्युटिकल्सको मूल्य ९.९९ प्रतिशत र पिपुल्स हाइड्रोपावरको मूल्य ९.९८ प्रतिशतले बढेको छ । बुधबार न्यादी हाइड्रोपावरको मूल्य सर्वाधिक ४.४३ प्रतिशतले घटेर प्रतिकित्ता ४८५ रूपैयाँ २० पैसामा झरेको छ । यस्तै, लक्ष्मी भ्यालु फण्डको मूल्य ३.०२ प्रतिशतले घटेर प्रति इकाइ मूल्य ९ रूपैयाँ ६५ पैसा कायम भएको छ । बुधबार सानिमा माइ हाइड्रोपावरको सर्वाधिक कारोबार भएको छ । कम्पनीको प्रतिकित्ता ६३० रूपैयाँ ५० पैसामा ५९ करोड २० लाख रूपैयाँको सेयर कारोबार भएको छ ।

यो मूल्य अघिल्लो दिनको तुलनामा २.६५ प्रतिशत बढेको हो । सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा ङादी ग्रुप पावर रहेको छ। उक्त कम्पनीको प्रतिकित्ता ३८९ रूपैयाँमा ५४ करोड ७९ लाख बराबरको सेयर कारोबार भएको छ । आज कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये सबै समूहको परिसूचक बढ्दा समग्र नेप्से बढेको हो । यसदिन वित्त समूहको परिसूचक सर्वाधिक ५.५५ प्रतिशतले बढेको छ ।


## हावाहुरीबाट जोगिने उपाय

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं,
- जस्तापातालगायतका सामग्रीहरू खुला र जथाभावी नराखौं,
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक्क बसेर दुबै हातले टाउँको छोपी घोप्टो परौं ।

*हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।*

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



## ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०१/२५**

श्री गनु रास्कोटी र देवी रास्कोटीको छोरा, मन कुमारी रास्कोटीको पति, पाल्पा जिल्ला, साबिक कोलडाँडा गा.प. वडा नं. ०९ (हाल तिनाउ गाउँपालिका, वडा नं.०५,) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने गणेश रास्कोटीको मिति २०८०/०५/१७ गतेको दिनमा मृत्यु भएकोले निजको नाममा यस कुमारी बैंक लि. पाल्पा शाखामा रहेको खाता नं.०४०००६०६०५९०००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाँउ भनी निज खातावालाको छोरा कमल रास्कोटीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा प्रधान कार्यालय, नक्साल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउदछौं ।

**कुमारी बैंक लिमिटेड**
तानसेन,पाल्पा
फोन नं.०७५-५२२६९०



## शिक्षक आवश्यकता

*दोस्रो पटक प्रकाशित मिति : २०८२/०१/२४*

यस श्री भुसलडाँडा माध्यमिक विद्यालय तानसेन-१, भुसलडाँडा पाल्पामा मिति २०८२/०१/२१ गते लिइएको निम्न माध्यमिक तह विज्ञान विषयको राहत (करार) पदमा शिक्षक छनोट परीक्षाबाट उतिर्ण भएको तथा वैकल्पिक उम्मेदवारहरुले नियुक्ति लिन नआउने भनी लिखित निवेदन पेश गरेकोले मिति २०८२/०१/२४ बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय तथा तानसेन नगरपालिकाको मिति २०८१/१२/२० गतेको च.नं.२०१३ को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाइ, तानसेन पाल्पाको मिति २०८१/१२/२० गतेको च.नं.१३४१ को विज्ञापन अनुमतीपत्र, अनुसार यस विद्यालयमा निम्न माध्यमिक तह विज्ञान विषयको राहत (करार) पदमा शिक्षक पदपूर्ति गर्नुपरेको हुँदा योग्य नेपाली उम्मेदवारहरु बाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**१) विज्ञापन नं.** : ०३/२०८१/०८२, **पद** : शिक्षक, **संख्या** : १ (एक)
**तह** : निम्न माध्यमिक राहत, **विषय** : विज्ञान,
**नयुक्तिको किसिम** : राहत (करार)
**शैक्षिक योग्यता** : विज्ञान मुल विषय लिई कक्षा १०+२ उत्तीर्ण वा सो सरह
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : प्रचलित नियम अनुसार
**निवेदन दस्तुर** : रु. ७००/- (सात सय रुपैया मात्र)
**दरखास्त दिने अन्तिम मिति** : २०८२/०१/३१ गते विद्यालय समय भित्र
**सम्पर्क मिति** : २०८२/०१/३१ गते ४ बजेपछि,
**सम्पर्क स्थान** : विद्यालय प्रशासन
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता
**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु, अध्ययान अनुमतीपत्रको प्रतिलिपी, अनुभवको प्रतिलिपीहरु र निवेदन ।



(पुनश्चः तोकिएको अवधी भित्र शिक्षक सेवा आयोगको करार सुचिमा सुचिकृत आवेदकले निवेदन दिएमा प्राथमिकता दिइनेछ र अन्य आवेदकको निवेदन फिर्ता गरिनेछ। अन्य जानकारीका लागि विद्यालय खुलेको समयमा निम्न लिखित फोन नं. मा सम्पर्क गर्न सकिनेछ ।)

**फोन नं.** : ०७५-५२२७८४(कार्यालय), ९८४७०२८५४८(प्र.अ.)९८५७०६०९८५ (स.प्र.अ.)९८४७०४३३१९ (अध्यक्ष) ९८६७५४७२९८ (लेखापाल)

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**
तानसेन-१, भुसलडाँडा, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई